**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ सितम्बर २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- चालू वित्त वर्षको पहिलो तिमाहीमा देशको जीडीपी 7 दशमलव 8 प्रतिशतले बढ़ेको छ। रिजर्व बैंकको 7 प्रतिशत अनुमान भन्दा बढ़ी रहेको छ।

- **मुख्यमन्त्री शुभेन्दु अधिकारीले पत्रकारहरूको पेन्सन बढ़ाएर 5 हजार रुपियाँ गर्ने र स्वास्थ्य बीमाको दायरा विस्तार गर्ने घोषणा गर्नु भएको छ।**

- **पश्चिम बंगाल सरकारले सिलगढी नगर निगममा वार्डहरुको संख्या बढाउने ठूलो निर्णय गरेको छ। अब सिलगढी नगर निगममा 63 वटा वार्ड हुनेछन्।**

- **नेपालमा बाढीबाट मृत्यु हुनेहरुको संख्या 987 पुगेको छ।**

- पश्चिम बंगालमा आजदेखि नयाँ नागरिक नियम अन्तर्गत, सार्वजनिक स्थानहरुमा थुक्ने, फोहोर फाल्ने र शौच गर्ने जस्ता गतिविधिहरुमा जरिवाना लगाइनेछ।

**<u>जी डी पी</u>**

वित्त वर्ष 2026-27 को पहिलो तिमाहीमा भारतको सकल घरेलू उत्पाद-जी डी पी वृद्धि दर **सात दशमलव आठ** प्रतिशत रहेको छ। यो भारतीय रिजर्भ बैंकको 7 प्रतिशतको अनुमान भन्दा बढी हो। पछिल्लो वित्त वर्षको सोही अवधिमा **जी.डी.पी.** वृद्धि दर **छ दशमलव नौ** प्रतिशत थियो।

*********

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको 7 दशमलव 8 प्रतिशतको आर्थिक वृद्धि 140 करोड देशवासीहरुको कडा परिश्रम र सामूहिक संकल्पको परिणाम भएको बताउनु भएको छ।आज सोशल मीडियामा एउटा भिडियो साझा गर्दै श्री मोदीले भन्नुभयो कोभिड महामारी पछि जारी युद्ध र विश्वव्यापी अस्थिरता जस्ता चुनौतीहरू रहेता पनि भारत तीव्र गतिमा अगाडि बढिरहेको छ।

**बाइट-पीएम**

**<u>मुख्यमन्त्री पत्रकार स्वास्थ्य बीमा योजना</u>**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले नवन्ना सभागार देखि पत्रकारहरूको पेन्सन बढ़ाएर 5 हजार रुपियाँ गर्ने र स्वास्थ्य बीमाको दायरा विस्तार गर्ने घोषणा गर्नु भएको छ। नयाँ व्यवस्था अन्तर्गत प्रिन्ट, इलेक्ट्रोनिक र अन्य माध्यमसित जुड़ेका पत्रकारहरूका साथै समाचार कक्षमा डेस्कमा काम गर्नेहरूले पनि लाभ पाउनेछन्।

***मुख्यमन्त्रीले आयुष्मान भारत र मुख्यमन्त्री स्वास्थ्य बीमा योजना अन्तर्गत राज्यका लगभग 1900 सरकारी र निजी अस्पतालहरूमा पत्रकारहरूले उपचार सुविधा पाउने बताउनुभयो।देशभरिका लगभग 38 हजार अस्पतालहरूमा पनि पत्रकार र उनीहरूका परिवारहरूले उपचारको सुविधाको लाभ लिन सक्नेछन्।यसमा बंगाल***

***लगायत वेल्लोर, मुंबई स्थित टाटा कैंसर अस्पताल, चण्डीगढ पीजीआई, हैदराबाद र बेंगलुरुका प्रमुख अस्पताल सामेल छन्।***
***मुख्यमन्त्रीले स्पष्ट पार्दै भन्नुभयो आयुष्मान भारतमा पहिले नै पंजीकृत भएका पत्रकारहरू र उनीहरूको परिवारले छुट्टै मुख्यमंत्री स्वास्थ्य बीमा योजना कार्ड लिनु पर्दैन।***
***अवकाशप्राप्त पत्रकारहरूको पेन्सन पनि बढाएर 5 हजार रुपियाँ प्रतिमहिना गरिएको छ। पहिले यो राशि 2500 रुपियाँ थियो र लगभग 154 पत्रकारहरूले यो सुविधा पाइरहेका थिए। मुख्यमन्त्रीले बढाइएको पेन्सन व्यवस्था आजदेखि लागू हुने बताउनुभयो। सबै प्रकारका पत्रकारहरूले योग्यताको आधारमा नयाँ योजनामा आवेदन दिन सक्नेछन्। मुख्यमन्त्रीले पत्रकारहरूको प्रेस अधिमान्यता कार्ड बारे पनि महत्त्वपूर्ण घोषणा गर्नुभयो।उहाँले स्क्रिनिङ समिति स्तरमा नयाँ प्राथमिकता कार्डको लागि आवेदन अनावश्यक रूपमा रोक्ने कुनै व्यवस्था नहुने बताउनुभयो।***

## सिलगढ़ी नगरपालिका

आगामी नगरपालिका चुनाव अघि, पश्चिम बंगाल सरकारले सिलगढी नगर निगमको वार्डहरुको संख्या बढाउने ठूलो निर्णय गरेको छ।31 अगस्त 2026 मा जारी गरिएको शहरी विकास तथा नगरपालिका मामिला विभागको अधिसूचना अनुसार, अब सिलगढी नगर निगममा 63 वटा वार्ड हुनेछन्। यसका साथै अब हालको 47 वार्डहरुको तुलनामा 16 वार्डहरुको बढ़ोतरी हुनेछ।
सरकारी अधिसूचना अनुसार, यो निर्णय पश्चिम बंगाल नगर निगम अधिनियम, 2006 को धारा सात अन्तर्गत लिइएको हो।वार्ड निर्धारण गर्दा सम्बन्धित क्षेत्रको जनसंख्या, जनघनत्व, भौगोलिक स्थिति, ऐतिहासिक महत्व र आर्थिक परिस्थितलाई ध्यानमा राखिएको छ।

## बंगाल - नागरिक नियम.

पश्चिम बंगालमा आजदेखि नयाँ नागरिक नियम लागू भएको छ। नियमहरू अन्तर्गत, सार्वजनिक स्थानहरुमा थुक्ने, फोहोर फाल्ने र शौच गर्ने जस्ता गतिविधिहरुमा जरिवाना लगाइनेछ। प्रतिबन्धित प्लास्टिक बैग प्रयोग गर्ने, तोकिएको ठाउँमा फोहोर नफाल्ने र सडकमा निर्माण सामग्री राख्नेलाई पनि जरिवाना गरिएको छ।यी नियमहरूमा अवैध पार्किङ र अतिक्रमण पनि सामेल छन्। शहरी क्षेत्रहरूमा, रातको समयमा सडक किनारमा पार्किङ गरेमा पनि शुल्क लगाइनेछ।
राज्य सरकारले भनेको छ, यी नियमहरूको उद्देश्य स्वच्छता र नागरिक अनुशासनमा सुधार गर्नु हो।राज्यका शहरी विकास तथा नगर निगम विभागकी मन्त्री अग्निमित्र पलले यसको उद्देश्य सार्वजनिक स्थानहरूलाई स्वच्छ बनाउनु र नागरिक अनुशासनलाई बढ़ावा दिनु रहेको बताउनुभयो।

## नेपाल-बाढी

नेपालमा विनाशकारी बाढीबाट मृत्यु हुनेहरुको संख्या बढ़ेर 987 पुगेको छ। अधिकारीहरू अनुसार सुरक्षा बलले देशका आठ जिल्लाबाट थप शवहरू निकालेको छ।राष्ट्रिय आपदा जोखिम न्यूनीकरण तथा प्रबंधन प्राधिकरण अनुसार 583 विदेशी र धेरै सुरक्षाकर्मी सहित लगभग 4 हजार मानिसहरु अझै पनि बेपत्ता छन् भने झण्डै 12 हजार मानिसहरुलाई उद्धार गरिएको छ।

*****

काठमाडौं स्थित भारतीय दूतावासले नेपालमा बाढी पीडितहरूको शव पहिचान र स्वदेश फिर्ता गर्ने सम्बन्धमा जानकारी साझा गरेको छ।

## आइ भोलेन्टियर यु

छिमेकी देश नेपालमा आएको बाढी तथा पैह्रोबाट प्रभावित परिवारलाई खाद्यान्न, पानी, कपडा, औषधि तथा अन्य राहत सामग्री उपलब्ध गराउने उदेश्यले मिरिकका आय भोलिन्टियर यु ले अर्थ संकलन अभियान शुरू गरेको छ। मिरिकलाई नै प्रतिनिधित्व गरेर गठन गरिएको आइ भोलेन्टियर यु समूहले छिमेकी देश नेपालमा आएको प्राकृतिक आपदा अति नै हृदय विदारक रहेको भन्दै छिमेकीलाई परेको आपदमा मिरिकको पनि राहत र सहयोगमा सहभागीता रहोस भन्ने हेतुले सहयोग अभियान चलाएको बताइएको छ।

**भारतीय खस नारी तिज आयोजक समिति**

नेपालमा भिषण बाढीका कारण उत्पन्न दुखद स्थितिलाई ध्यानमा राख्दै भारतीय खस नारी तिज आयोजक समितिले यो वर्ष हरितालिका तीज पालन नगर्ने घोषणा गरेको छ। आज एक प्रेस भेलाको आयोजन गर्दै समितिका प्रतिनिधिहरुले बाढीका कारण प्रभावितहरुप्रति ऐक्यबद्धता जाहेर गर्दै यो निर्णय गरिएको जानकारी दिए।

**स्वामी प्रभुपाद**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज इस्कनका संस्थापक-आचार्य श्रील अभय चरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपादलाई उहाँको 130 औं जयन्तीमा श्रद्धापूर्वक नमन गर्नुभयो। शुभेंदु अधिकारीले आफ्नो सन्देशमा 'हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे। हरे राम हरे राम, राम राम हरे हरे।।' महामंत्रको उल्लेख गर्नुभयो। उहाँले श्रील प्रभुपादलाई विश्वभरि कृष्ण भक्ति र हरे कृष्ण महामन्त्रको प्रचार गर्ने महान आध्यात्मिक सन्तको रूपमा स्मरण गर्नुभयो ।

***श्रील प्रभुपादको जन्म एक सेप्टेम्बर 1896 मा कोलकातामा भएको थियो। वर्ष 1922मा, उहाँले आफ्ना आध्यात्मिक गुरु, श्रील भक्तिसिद्धान्त सरस्वती ठाकुर भेट भएको थियो।***

***आफ्ना गुरुको निर्देशमा, उहाँले भगवान श्रीकृष्णको सन्देश र वैदिक ज्ञानको प्रचारलाई आफ्नो जीवनको उद्देश्य बनाउनुभयो।***

***वर्ष 1965 मा अमेरिका जानुभयो । 1966 मा न्यूयोर्कमा अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ (इस्कॉन)को स्थापना गर्नुभयो।त्यसपछि उहाँले विश्वका धेरै देशहरूमा कृष्णभक्तिको प्रचार गर्नुभयो। भगवद्गीता गीता र श्रीमद्भागवत लगायत धेरै महत्त्वपूर्ण ग्रन्थहरूको माध्यमले उहाँले कृष्णप्रतिको भक्तिको सन्देश जन-जनसम्म पुराउनुभयो।14 नोभेम्बर 1977 मा वृन्दावनमा अन्तर्धान हुनुभएको थियो।***

**काफु दार्जीलिङ आगमन**

दुईपल्टको फिफा विश्व कप विजेता ब्राजीलका महान फूटबलर काफू ६ सेप्टेम्बरमा दार्जीलिङ आउने भएका छन। उनले लेबोंग स्थित गोर्खा स्टेडियममा विशेष कार्यक्रममा हिस्सा लिनेछन्, काफू दार्जीलिङ आउने खबरले स्थानीय फूटबलप्रेमीहरूबीच व्यापक उत्साह देखिएको छ।

**लियोनल मेस्सी**

अर्जेन्टिनाका प्रसिद्ध फुटबल खेलाडी लियोनल मेस्सीले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका छन्। उनले अर्जेन्टिनालाई विश्वकप दुई कोपा अमेरिका उपाधि जिताउन प्रमुख भूमिका खेलेका छन्। मेस्सीले अर्जेन्टिनाका लागि रिकॉर्ड 207 खेल खेलेका छन्।

****** ० ******